आज मिति २०७६।०८।२४ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

## तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - नगर उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री डोमा शेर्पा - "
१८. श्री अस्मिता नेपाली - " अस्मिता
१९. श्री प्रमिला दनुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "
२१. श्री शिव प्रसाद हुमेगाई - प्रमुख प्रशासकिय अधिकृत
२२. श्री बालकृष्ण आचार्य - सि. लो. प.
२३. श्री नेत्र बा० वि.क. - सि. नौ.

## प्रस्तावहरु

१. स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण (LDCRP) तालिम सम्बन्धमा ।
२. आलुको बीउ खरिद सम्बन्धमा ।
३. ~~[illegible]~~ निर्माण इजाजत दिने सम्बन्धमा ।
४. विपद सम्बन्धि भुक्तानी सम्बन्धमा ।
५. कर्मचारी करार गर्ने सम्बन्धमा ।

५. आवाहन तथा एम्बुलेन्स खरिद सम्बन्धमा ।

६. वडा नं. ३ को हात्ती प्रकोप सम्बन्धमा ।

७. अनुमति दिने सम्बन्धमा ।

८. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाइटी उदयपुर शाखाको सहयोगमा यस न.पा.को स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण (LDCRP) सम्बन्धी तालिम मिति २०७६/०७/२८ गते देखि संचालन गर्ने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. भित्रका कृषक हरुको माग बमोजिम १६३३ बोरा (५० kg दरको) आलुको बीउ ५०% अनुदानमा वितरण गरिएको हुँदा उक्त ५०% ले हुने रकम यस न.पा.को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षकमा विनियोजित रकम बाट उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त १६३३ बोरा आलुको ५०% ले हुने रकम रु. १६,३३,०००/- कृषि शाखा प्रमुख सत्यमाया राई लाई पेश्की दिई कृषकहरुलाई सोधभर्ना भुक्तानी दिने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को घ वर्गको निर्माण इजाजत कार्यविधि बमोजिम तपसिलका निर्माण कम्पनी लाई घ वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

**तपसिल**

१. कृष्यन कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. त्रि.न.पा.-७

२. लिम्बादित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. त्रि.न.पा.-७

**नि.नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को विपद व्यवस्थापन शीर्षकमा विनियोजित रकम न्यून भएको हुँदा यस न.पा.को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षकको रकम बाट विपद व्यवस्थापन (तारजाली खरिद) शीर्षकमा रु. ३०,००,०००/- तीस लाख रकमान्तर गरि खर्च गर्ने र विशेष नगर सभाबाट अनुमोदन गराउने निर्णय पारित गरियो ।

Scanned by CamScanner

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को कृषि शाखाको लागि आवश्यक १ जना कृषि प्राविधिक अधिकृत स्तर र ज्योति माध्यमिक बेलटारको लागि १ जना नर्सिङ स्टाफ नियुक्ति (करारमा) गर्ने सम्बन्धिको सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. क्षेत्रको लागि शववाहन १ थान र एम्बुलेन्स १ थान खरिद गर्ने सम्बन्धमा खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं. ३ को सिफारिस साथ प्राप्त कागजात अनुसार उक्त वडा बस्ने मोहन कुमार तामाङ र देवीमाया मगरको मिति २०७५।०७।१३ गते राती जंगली हात्तीले धान लगाएको बालीनाली नोक्सान पुर्याएको हुँदा निजहरुको बालीको स्थलगत निरीक्षण गरी राहत उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा मानव अधिकार र सामाजिक न्यायका निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय बिराटनगरको माग पत्र अनुसार उक्त संस्थालाई यस न.पा. क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व. २०७५।०७६ को लागि यस न.पा.को सार्वजनिक सुनुवाई गर्न राष्ट्र र समाजको लागि योजना र कार्यक्रम उदयपुर लाई दिने निर्णय गरियो ।